**नगरसभाका सदस्यज्यूहरु,**

बागचौर नगरपालिकाको गरिमामय यस १२ औं नगरसभामा बागचौर नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम मार्फत सम्बोधन गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

सबल स्थानीय सरकार, समृद्ध बागचौर नगरको अवधारणालाई साकार पार्न, नगरवासीलाई छिटो छरितो, गुणस्तरीय तथा सर्वसुलभ सेवा प्रदान गर्नका लागि यस नगरलाई स्मार्ट पालिकाको रुपमा विकास गरी अगाडी बढीरहेको सर्वविदितै छ।बागचौर नगरपालिकाको समृद्धि, समग्र विकास, समाजवाद उन्मुख, सुन्दर र नमूना नगरपालिका बनाउने लक्ष्यतर्फ यो नीति तथा कार्यक्रमले दिशाबोध गर्ने बिश्वास लिएको छु ।

१२ औं नगरसभाको यस महत्वपूर्ण अवसरमा सर्वप्रथम मुलुकमा संघीय लोकतन्त्रात्मक शासन व्यवस्था स्थापना तथा नागरिकका हक र अधिकारको प्राप्ति तथा समाजको आमूल परिवर्तनका लागि विभिन्न कालखण्ड तथा शसस्त्र संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्ने वीर शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै घाइते, अपाङ्ग, बेपत्ता लगायतका सबै योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । २०८० साल कार्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु बनाइ गएको भुकम्पबाट ज्यान गुमाएका सबैमा हार्दिक श्रदाञ्जली अर्पण गर्दै घाइते तथा अपाङ्गता भएका सबैको स्वास्थ्य लाभको कामना गर्दछु ।

स्थानीय सरकार जनताको घरदैलोको सरकार हो भन्ने मान्यतालाई साकार पार्न, नगरबासीहरुलाई विकासको प्रत्याभूती दिन र सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउनका लागि डिजिटल सेवाप्रवाहलाई नगर सरकारले पहिलो प्राथामिकताका रुपमा लिइएको कुरा यहाँहरुलाई अवगत गराउन चाहन्छु ।

अधिकार सम्पन्न स्थानीय सरकारको दोश्रो निर्वाचनबाट हामी निर्वाचित भइ कार्य थालनी गरेको दुई वर्षमा जनताले अनुभुत गर्ने गरि विकास निर्माणका कार्यहरु पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाइ तथा स्वच्छता र जिविकोपार्जन लगायतका क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल भएको स्मरण गराउन

चाहन्छु ।साथै नगरवासीको हितमा नगर सरकार इमान्दार, जिम्मेवार, जवाफदेही, पारदर्शिता र जनताप्रति उत्तरदायी रहदै आएको प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

हामिले चालु आर्थिक वर्षमा सम्पन्न गरेका कामहरु र त्यसबाट प्राप्त सफलता र सिकाईका आधारमा आगामी आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम तर्जुमा गरेका छौं । अब म संक्षेपमा विगत दुई वर्षमा गरेका उपलब्धीहरुलाई उल्लेख गर्न चाहन्छु ।

१. बागचौर नगरपालिकाको आफ्नै नवनिर्मित भवनमा कार्यालय स्थानान्तरण गरी सेवा प्रवाहको थालनी गरिएको छ । साथै प्रशासनीक भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

२. योजना कार्यान्वयनलाई थप प्रभावकारी वनाउन तथा घरदैलोको सरकार भन्ने तथ्यलाई स्थापित गर्न वडा वडामा गई एकीकृत रुपमा योजना सम्झौता गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

३. सामाजिक सुरक्षा भत्ता वडाबाटै वितरण गर्ने कार्यको निरन्तरताले सेवाग्राहीहरु लामो दुरीको यात्रा गरि घण्टौ सम्म बैंकमा लाइन बस्नु पर्ने बाध्यताको अन्त्य भएको छ ।

४. मातृ तथा शिशु मृत्युदर न्युन गर्न गर्भवती महिलाहरुको लागि निशुल्क एम्बुलेन्स सेवा संचालन गरिएको छ ।

५. बागचौर नगरवासीहरुको सर्वोत्तम हितलाई मध्यनजर गर्दै विशेषज्ञ डाक्टर सहितको एकिकृत अपाङ्गता पहिचान शिविर, आँखा तथा कान शिविर, मोतियाविन्दुको निशुल्क शल्यक्रिया शिविर, जेष्ठ नागरिकहरुका लागि स्वास्थ्य शिविर लगाएत थुप्रै स्वास्थ्य शिविरहरू संचालन गरिएका छन् ।

६. बागचौर नगरपालिकाको आफ्नै सभाहलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

७. सम्पुर्ण नगरबासीहरुको स्वच्छ पिउने पानीको हकलाई प्रत्याभुती गर्न सुस्वा परियोजनाको साझेदारी तथा अन्य श्रोतबाट खानेपानी तथा सरसफाई आयोजनाहरुको निर्माण कार्यलाई तिव्रता दिइएको छ ।

८. घरायसी फोहोरको उचित व्यवस्थापनका लागि फोहोरबाट मोहोर उत्पादन गर्ने तालिमको सुरुवात गरिएको छ ।

९. आधारभूत अस्पताल निर्माणको लागि थारमारेमा जग्गा प्राप्ति भइ डि पि आर निर्माण कार्य सम्पन्न भएको छ ।

१०. वडा नं. २, ७, ९ र १० को वडा कार्यालयको भवन निर्माण कार्य सम्पन्न भएको छ भने वडा नं. १,३ र ५ को निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

११. विभिन्न लक्षित समुहहरुमा आयआर्जन तथा स्वरोजगारका लागि सिपमुलक कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

१२. बागचौर नगरपालिकाको प्रमुख व्यापारिक केन्द्र थारमारे बजार लाई व्यवस्थित गर्न बजार क्षेत्रमा कालो पत्रे, पक्की नाली निर्माण गरी अव्यवस्थित अस्थायी संरचना हटाइएको छ ।

१३. नगरपालिकाका हरेक गतिविधिलाई पारदर्शी बनाउन सबै गतिविधिहरुलाई आधिकारिक वेबसाइट, फेसबुक पेज र डिजिटल बोर्ड मार्फत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

१४. अनलाईन दर्ता चलानी तथा सिफारिस, कार्यालय व्यवस्थापन, घरजग्गा नक्सा पास तथा अभिलेखिकरण तथा उद्योग व्यवसाय दर्ता प्रकियालाई डिजिटल बनाउन जनप्रतिनिधीहरु तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम सम्पन्न गरिएको छ ।

१५. न्याय सम्पादनलाई सहज बनाउन न्यायीक समितिका पदाधिकारीहरु, जनप्रतिनिधिहरु, कर्मचारीहरु तथा मेलमिलापकर्ताहरुलाई क्षमता अभिबृद्दीका लागि अध्ययन अवोलोकन भ्रमण सम्पन्न गरिएको छ ।

१६. नगरमा सबै बस्तीहरुमा विद्युत विस्तार गरी उज्यालो नगर कार्यक्रमलाई निरन्तरता दिइएको छ सोही अनुसार कालाखेत, थारमारे, बागचौर, खरिबोट, बाङगेलाखुरी र पेदीखोला बजारमा सडक बत्ती जडान गरिएको छ ।

१७. राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद भन्ने मुल नाराका साथ खेलकुद विकास गर्न राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सम्पन्न गरिएको छ ।

१८. गर्भवती महिलाको नियमित गर्भ जाँचका लागि थारमारे, पिपलनेटा, कोटमौला, कोटबारा, शिवरथ र बाँफुखोलाको प्रसुती केन्द्रमा ग्रामिण अल्ट्रासाउन्ड सेवा सुचारु गरिएको छ ।

१९. विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थीको अनुपातका आधारमा जहाँ विद्यार्थी तहाँ शिक्षकलाई आधार मानी दरबन्दी मिलान कार्यलाई निरन्तरता दिइएको छ ।

२०. विद्यालयहरुमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि नगर शिक्षक व्यवस्थापन गरिएको छ।

२१. विद्यालयको शैक्षिक तथा प्रशासकीय प्रमुखको रुपमा कार्य गर्नका लागि प्रतिष्पर्धाका आधारमा प्रधानाध्यापक छनौटको नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिएको छ ।

२२. नगरपालिकाको आफ्नै सवारी साधनहरु प्रयोग गरी नगरपालिका भित्रका गौरवका सडक आयोजनाहरु "बागचौर, कोटमौला, पोखरी बजार सम्मको सडको स्तरोन्नती", "कोटबारा, पातिहाल्न, बाफुखोला हुदै डलसिङगे सम्मको सडक स्तरोन्नती", "बाँफुखोला, पाण्ढल हुदै लौराबाङ, सिमखोली सम्म सडक स्तरोन्नती" र "खत्रीगाउँ, सिलनेटा, पिपलचौतारा हुदै आला

कटेज, लामाडाँडा सडक स्तरोन्नती" को कार्य सम्पन्न भएको छ ।साथै अन्य सडकहरुको स्तरोन्नतीलाई निरन्तरता दिइएको छ ।

२३. जेष्ठ नागरिक, फरक क्षमता भएको व्यक्ति लगायतलाई आवश्यकताको आधारमा सम्मान तथा सहायता सामग्री वितरण गरिएको छ ।

२४. विभिन्न समयमा आईपरेका विपद्जन्य घटनाहरु भुकुम्प, बाढीपहिरो, हावाहुरी तथा आगलागीबाट प्रभावित परिवारहरुलाई उचित क्षतिपुर्ति तथा राहतको व्यवस्था मिलाइएको छ ।

२५. अति असक्त, असहाय, विपन्न परिवारहरुलाई आवश्यकताको आधारमा आर्थिक सहायता उपलब्ध गराइएको छ ।

२६. नगर स्तरीय खेल मैदानको निर्माण कार्य सुरुवात गरिएको छ ।

२७. कृषिमा आधुनिकीकरण, व्यवसायीकरण तथा उत्पादन र उत्पादकत्व बृद्धि गर्न किसानहरुलाई ५०% अनुदानमा कृषि यन्त्र, औजार लगाएतका सामाग्रीहरु तथा विउविजनहरु वितरण गरिएको छ ।

२८. कृषकहरुको आयआर्जनमा वृद्धि गर्नका लागि तालिम प्रदान गरी अनुदानमा उन्नत जातका पशुपंक्षी वितरण गरिएको छ।

**नगरसभा सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक बर्ष २०८१।०८२ मा कार्यान्वयन गरिने बिषयगत क्षेत्रका नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## कृषि विकास तथा पशुसेवा सम्बन्धी नीति:

१. भू-उपयोग नीति निर्माण गरी जग्गाको बर्गिकरणलाई थप व्यवस्थित गर्दै कृषि उत्पादनको पकेट क्षेत्र निर्धारण गरिनेछ ।

२. नगर क्षेत्रका विभिन्न क्षेत्रको माटो परिक्षण गरी माटो अनुकूल खेतीप्रणालीलाई विविधिकरण गरी कृषि उत्पादनको बृद्धि गरिनेछ ।

३. कृषि उत्पादनको उचित भण्डारण र व्यवस्थापन गर्न चिस्यान केन्द्र निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

४. विभिन्न बालीहरुमा देखापर्ने रोग किराको प्रकोप नियन्त्रण तथा व्यवस्थापन गर्न बाली संरक्षण सेवालाई निरन्तरता दिइनेछ । जसका लागि कृषकहरुलाई रासायनिक जैविक लगायतका विषादिको नि:शुल्क वितरण गरिनेछ ।

५. कृषि उत्पादन बढाउन र कृषकलाई सहजिकरणको लागी अनुदानमा विउविजन वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. विभिन्न जातका फलफुलका बोटबिरुवाहरुको रोग नियन्त्रणका लागि आवश्यक पहल गरिनेछ। साथै प्रमाणित नभएका विउविजन तथा विरुवाको आयातमा रोक लगाइनेछ।

७. कृषिमा आधुनिकीकरण, व्यवसायीकरण तथा उत्पादन र उत्पादकत्व बृद्धि गर्न किसानहरुलाई ५०% अनुदानमा कृषि यन्त्र, औजार लगाएत प्राबिधिक सहयोग उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

८. बागचौर नगरपालिकामा अत्याधिक उत्पादन हुने आलु, सुन्तला, अदुवालाई बजारीकरणमा सहज बनाउन प्रशोधन उद्योग सञ्चालन गर्न चाहने उद्यमी, व्यवसायी, नीजि कम्पनी तथा सहकारीहरुलाई नगरपालिकाबाट विशेष प्रोत्सहानको व्यवस्था गरिनेछ ।

९. परम्परा देखि उत्पादन भइरहेका रैथाने बालीहरुको संरक्षण र सम्बर्द्धन गर्ने नीति अबलम्बन गरिनेछ ।

१०. बागचौर नगरपालिका भित्र अत्याधिक मात्रामा अम्लिय माटो भएको र चिया खेतीको लागि उपयुक्त हावापानी भएकोले चिया खेतिको सुरुवात गर्ने नीति लिइनेछ ।

११. पशु बीमा कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गरि प्रभावकारी बनाइनेछ ।

१२. युवा तथा दक्ष बेरोजगार जनशक्तिलाई आत्मनिर्भर तथा व्यवसायोन्मुक बनाउनका लागि मागमा आधारित व्यवसायिक कार्यक्रम सहलगानीमा सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ ।

१३. पशुपालन व्यवसायलाई व्यवसायिक, आधुनिक र प्रतिष्पर्धात्मक बनाउन आवश्यक पहल गरिनेछ।

१४. " सफा र स्वच्छ मासुको सेवन, निरोगी बन्नेछ जीवन" भन्ने मुल नाराका साथ नगरपालिकाका बजार क्षेत्रमा सञ्चालित मासु पसलहरुको नियमित अनुगमनको प्रकिया थालनी गरिनेछ ।

१५. कृषि तथा पशु व्यवसायीलाई प्रोत्साहन गर्न अनुदान उपलब्ध गराइनेछ ।

## उपभोक्ता हित तथा खाद्य सुरक्षा सम्बन्धि नीति

१. उपभोक्ता अधिकारलाई सुनिश्चित गर्न उपभोग्य वस्तु वा सेवाको गुणस्तर परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न नियमित अनुगमन गरिनेछ ।

२. नगरमा स्वच्छ र प्रतिस्पर्धी बजार निमार्णको लागि आवश्यक पहल गरिनेछ । कालोबजारी पूर्ण रुपमा नियन्त्रण गरिनेछ ।

## उद्योग व्यवसाय, रोजगारी तथा गरिवी निवारण सम्बन्धी नीति

१. यस नगरपालिकाभित्र संचालन र स्थापना हुने उद्योग तथा व्यवसायलाई दर्ता प्रक्रियाद्वारा करको दायरमा ल्याई नगरपालिकाको आर्थिक श्रोतमा बृद्धि गर्ने तर्फ जोड दिईने छ ।

२. स्थानीय स्तरमा उत्पादित बस्तुहरुको सहज बजारीकरणका लागि नगरपालिकामा कोशेली घरको निर्माण गरिने छ ।

३. नयाँ उद्यमीको श्रृजना गरी बेरोजगारहरुलाई आत्मनिर्भर बनाउनुको साथै रोजगारीको संख्यामा वृद्धि गरिनेछ ।

४. बागचौर नगरपालिकामा बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित र उपलब्धिमुलक बनाउन सुरक्षित गाँउ अभियान संचालन गरिनेछ । जसका लागि विभिन्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

५. जमीन बाँझो राख्ने परिपाटीको अन्त्य गर्दै उक्त जमीनमा आधुनिक कृषि एवं पशुपालन गर्न प्रोत्साहित गरी सो क्षेत्रबाट अधिक रोजगारी सृजना हुने वातावरण तयार गरिने नीति लिइनेछ ।

## वित्तिय संस्था तथा सहकारी सम्बन्धी नीति

१. नगरपालिका भित्र रहेका सरकारी, बैंक तथा वित्तिय संस्थाहरुसँग आवश्यक समन्वय गरी कृषि, पर्यटन, उद्योग तथा साना व्यवसायमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

२. सहकारी क्षेत्रको प्रवर्द्धन तथा विकासका लागि सहकारी व्यवस्थापनमा आवश्यक पहल गरिनेछ।

३. सहकारीहरुमा देखिएको व्यथिति मुख्य गरी सहकारी सदस्यहरुमा सहकारी शिक्षाको कमिको कारणले देखिने गरेकोले सहकारी सदस्यहरुरलाई सहकारी शिक्षामा जोड्ने विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. नगरपालिका भित्र उत्पादन हुने आलु, सुन्तला, अदुवा, बेसार लगायत अन्य कृषि जन्य उत्पादनहरुलाई विचौलियाहरुबाट हुने मुल्यान्तरलाई न्यून गर्न सहकारी तथा समुह मार्फत निकासी प्रवर्द्धन गर्ने नीति अबलम्बन गरिनेछ ।

## पर्यटन सम्बन्धि नीति

१. पर्यटन प्रवर्द्धन गर्न बागचौर नगरपालिका भित्रका सम्भाव्य पर्यटकीय क्षेत्रहरुको पहिचान र विकास गरिनेछ ।
२. परम्परागत कला, संस्कृति संरक्षण र प्रवर्द्धनका लागि आवश्यक व्यवस्था मिलाईने छ ।
३. कृत्रिम जलाशय निर्माण गर्न सकिने सम्भाव्य स्थानहरुको पहिचान गरी संघ तथा प्रदेश सरकार, दातृ निकायको समन्वयमा जलाशय निर्माणको कार्यलाई अगाडि बढाइनेछ ।
४. पर्यटन प्रवर्द्धनका लागि होमस्टे स्थापना तथा विस्तारको कार्यलाई अगाडी बढाउन समुदाय तथा नीजि क्षेत्रसंगको सहकार्यमा जोड दिइनेछ ।
५. पर्यटकीय विकास र सहिदहरुको सम्मानका लागि नगरपालिका भित्रका विभिन्न ठाउँहरुमा पार्क तथा शहिद स्तम्भ निर्माण तथा संरक्षण गरिनेछ ।

## सामाजिक विकास सम्बन्धी नीति

## शिक्षा सम्बन्धी नीति

१. विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थीको अनुपातका आधारमा जहाँ विद्यार्थी तहाँ शिक्षकलाई आधार मानी एक कक्षा एक शिक्षकको व्यवस्थालाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

२. विद्यालयहरुमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि नगर शिक्षक व्यवस्थापनलाई निरन्तरता दिदै थप व्यवस्थित गरिनेछ।

३. सामुदायिक विद्यालयका प्रारम्भिक बालबिकास देखी कक्षा ५ सम्मका विद्यार्थीहरुलाई पोशाकको व्यवस्था गरिनेछ ।

४. समग्र शैक्षिक सुदृढिकरणका लागि नगर शिक्षा योजना निर्माण गरी व्यवस्थित गरिनेछ ।

५. सामुदायिक विद्यालयहरुमा प्रविधिमैत्री शिक्षणका लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ

६. शैक्षिक गुणस्तर वृद्धि गर्न क्रमश प्रविधिमैत्री कक्षा सञ्चालन र ई-हाजिरीको व्यवस्था मिलाइनेछ ।

७. सामुदायिक विद्यालयहरुमा अध्ययनरत अति विपन्न, असहाय, दलित र जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

८. बिद्यालय शिक्षाको गुणस्तर विकासको लागि अनुसन्धान, संरचनात्मक सुधार, व्यवस्थापन क्षमता विकास र शिक्षकको क्षमता विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९. बिद्यालयहरुको भौतिक पूर्वाधारहरु भवन, शौचालय, पुस्तकालय, प्रयोगशालाहरुको निर्माण, मर्मत सम्भार, विद्यालय घेरावार ,गुणस्तरीय रंग रोगन, बालमैत्री फर्निचर, स्वच्छ पिउने पानीको व्यवस्था लगाएतका कार्यलाई निरन्तरता दिइनेछ ।

१०. सामुदायिक सिकाई केन्द्रको कार्य क्षमता विस्तार गरी निरन्तर शिक्षा तथा अभिभावक शिक्षा कार्यक्रम संचालन गरिने छ ।

११. नगर स्तरीय आधारभूत तह उत्तिर्ण परीक्षा सञ्चालन र ब्यवस्थापनको कार्यलाई निरन्तरता दिइनेछ।

१२. पढ्नका लागि कक्षाकोठा (Room to Read) लाई निरन्तरता दिइनेछ ।

१३. माध्यामिक तहका सामुदायिक विद्यालयमा एक बिद्यालय एक स्वास्थ्यकर्मी र एक खेल प्रशिक्षकको नीति अबलम्बन गरिनेछ ।

१४. बागचौर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई बालमैत्रि, अपांगमैत्री, लैङ्गिकमैत्री विद्यालयको रुपमा रुपान्तरण गर्न पहल गरिनेछ ।

१५. शिक्षा परामर्श समितिलाई विद्यालयको अनुगमन, नमुना कक्षा प्रदर्शन तथा पृष्ठपोषण दिने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१६. बालबालिकाहरुलाई विद्यालयमा म सुरक्षित र सम्मानित छु भन्ने भावनाको विकास संगसगै उनीहरुमा सकारात्मक बानीको विकास गर्न मनोसामाजिक परामर्श कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१७. सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक कर्मचारीहरुको मासिक वेतन भुक्तानिका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

## युवा तथा खेलकुद सम्बन्धी नीति

१. राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद भन्ने मुल नाराका साथ खेलकुद विकास गर्न राष्ट्रपति रनिङ्गशिल्ड, मेयर कप, वडा अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।

२. नगरस्तरिय आधुनिक खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिइनेछ । एक वडा एक खेल मैदानको नीतिलाई क्रमिक रुपमा कार्यान्वयन गरिनेछ ।

३. स्वरोजगार कार्यक्रम मार्फत विदेश पलायन हुने युवाहरुलाई स्थानीयस्तरमै रोजगारका अवसर सिर्जना गरिनेछ ।

४. युवा उद्यमीहरुको संख्या बढाउन सिप विकास, व्यवसायमा प्रोत्साहन जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. युवाको नेत्तृत्व विकासका लागि नमूना युवा संसद, युवा परिचालन जस्ता विभिन्न कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६. युवा प्रतिभाको पहिचान र खोजी गरी दक्ष तथा सिपयुक्त युवाहरुलाई रोजगार सिर्जना गरिनेछ ।

७. युवाहरुलाई उद्यमशिलतातर्फ आकर्षित गर्न शिक्षामा युवा उद्यमशिलतालाई जोडिनेछ ।

## स्वास्थ्य तथा पोषण सम्बन्धी नीति

१. प्रजनन स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

२. स्वास्थ्य संस्थाहरुमा आवश्यकताका आधारमा प्रयोगशाला सञ्चालन गरिनेछ ।

३. पोषणमैत्री स्थानीय शासन कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

४. महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक रुपमा सञ्चार खर्च उपलब्ध गराइनेछ ।

५. संबिधानले निर्देश गरे अनुरुप आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच बृद्धिलाई निरन्तरता दिइनेछ । जसका लागि बागचौर नगरपालिकामा विशेषज्ञ डाक्टर सहितको १० सैयाको आधारभुत अस्पताल सञ्चालन गरिनेछ ।

६. स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।

७. नगरपालिका भित्रका सुनौला हजार दिने आमाहरुलाई "पोषिलो सर्वोत्तम पिठो वितरण" गरिनेछ ।

८. प्राथामिक स्वास्थ्य केन्द्र थारमारेमा पोष्टमार्टम सेवा सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।

९. ६० वर्ष उमेर पुगेका नागरिकहरुलाई निशुल्क स्वास्थ्य परिक्षणको लागि लाभग्राही परिचयपत्रको व्यवस्थालाई निरन्तरता दिइनेछ ।७० वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुको लागि टोल वस्तीहरुमा निश्चित अवधिमा निशुल्क एकिकृत स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता दिइनेछ ।

१०. “एक वडा एक वर्थिङ सेन्टर” स्थापना गर्ने लक्ष्य अनुरुप सबै वडाहरुमा सुविधा सम्पन्न वर्थिङ सेन्टरको स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

११. नगरपालिका भित्रका विभिन्न स्थानहरुमा विशेषज्ञ सहितको स्वास्थ्य शिविर संचालन गरिनेछ ।

१२. वहुक्षेत्रिय पोषण तथा आपतकालिन पोषण कार्यक्रम संचालन गरिनेछ ।

१३. नगरपालिका अन्तरगत सञ्चालित सम्पूर्ण सामुदायिक स्वास्थ्य संस्थाहरूलाई आवश्यक जनशक्ति र श्रोत साधन प्रदान गरी प्रभावकारी सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

१४. प्राथमिक आँखा तथा कान उपचार केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ ।

## खानेपानी तथा सरसफाई सम्बन्धी नीति

१. बागचौरको लगानी, घरघरमा सुरक्षित खानेपानी भन्ने मुल नाराका साथ खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रमा उल्लेख्य लक्ष्य हासिल गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, बैदेशिक दातृनिकाय, संघसंस्था तथा परियोजनाहरुसंगको सहकार्य र साझेदारीलाई बढाउँदै लगिने छ । साथै सबैका लागि दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजना (सुस्वा) लगायत अन्य दातृ निकाय संगको साझेदारीका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

२. फोहोरमैला व्यवस्थापन देशकै चुनौतिका रुपमा आइरहेको बेला बागचौर नगरको फोहोर व्यवस्थापनका लागि आवश्यक ऐन, नीतिनियमहरु बनाइ ठोस तथा तरल फोहोर र दिसा जन्य लेदोको व्यवस्थापनका लागि पहल गरिनेछ ।

३. फोहोरबाट मोहोर तथा बेकारबाट आविष्कार भन्ने नाराका साथ प्लाष्टिक जन्य घरायसी फोहोरको घरायसी स्तरमै व्यवस्थापन गर्न र फोहोरको पुनः प्रयोग गरी सरसामानहरु बनाउने सीपमुलक तालिम बिद्यालय तथा वडा स्तरमा गर्ने गरि प्रबन्ध मिलाइनेछ ।

४. नेपाल सरकारको लक्ष्य अनुरुप सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष्य नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न नगरपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) इकाईको भूमिकालाई बढाउँदै वास इकाईलाई नगरपालिको स्थायी संरचनाका रुपमा विकास गरिनेछ।

५. नगरपालिकाले तयार गरेको खानेपानी सरसफाइ तथा स्वच्छता (वास) योजनालाई अद्यावधिक गर्दै समयानुकुल बनाइनेछ ।

६. वि.सं २०८४ भित्र नगरपालिकालाई पूर्ण सरसफाइ उन्मुख नगरपालिका घोषणा गर्ने लक्ष्य बमोजिम नगरपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्न एवं माहामारी र पानी जन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ ।

७. विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परीक्षण गरी जनतालाई सुरक्षित खानेपानीको प्रत्याभुति दिलाउन नगरपालिका स्तरमा पानी परीक्षणका लागि मिनि ल्याव स्थापना गरिनेछ ।

८. बागचौर नगरपालिकालाई सफा, स्वच्छ र सुन्दर नगर बनाउन, बिद्यालयहरुमा तीनताराका सूचकहरु हासिल गर्न र हरियाली वातावरण कायम राख्न तथा जनताको जीविकोपार्जनमा टेवा पुर्याउन "बागचौर नगर, सुर्यमुखि फूलको सहर" को नारालाई आत्मसाथ गर्दै समुदाय र

बिद्यालयको साझेदारीमा सामुदायिक वन, खाली जग्गा र बिद्यालयमा सुर्यमुखि खेति कार्यक्रम सुरु गरिनेछ ।

९. नगरपालिका भित्रका सबै खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई खानेपानी सरसफाइ तथा स्वच्छता ऐन बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई नगरपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणालीको स्थापना गरिनेछ ।

## लैंगिक समानता, सामाजिक समावेशीकरण तथा समाज कल्याण सम्बन्धी नीति

१. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन कार्यबिधि तयार गरी लागू गरिनेछ ।

२. बाल संरक्षण, किशोरी सशक्तीकरण, ज्येष्ठ नागरिक, एकल महिला, घाइते अपाङ्गता भएका व्यक्ति तथा हिंसा पीडित महिलाहरूका लागि सशक्तीकरण र पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३. महिला तथा आमा समूहहरूको सशक्तिकरण गर्दै उत्पादन तथा साना उद्योग व्यवसाय सञ्चालन गर्न नगरपालिकाबाट प्रदान गरिने अनुदानमा महिला सहकारीहरूलाई प्राथमिकता दिइनेछ ।

४. फरक क्षमता भएका बालबालिकाहरुलाई लक्षित गरि कार्यक्रम संचालन गर्न नेपाल सरकार, प्रदेश सरकार, विभिन्न संघ संस्थाहरु तथा दातृ निकायहरुसंगको समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ ।

५. दलित तथा अल्प सङ्ख्यक समुदायहरूको परम्परागत सीप क्षमताको संरक्षण, प्रवर्द्धन तथा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६. सबै प्रकारका जातीय भेदभाव तथा छुवाछुत विरुद्ध विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता प्रकारका विभेद गर्ने व्यक्तिलाई कानूनी दायरामा ल्याइनेछ ।

७. बागचौर नगरपालिकाको बजेट प्रणालीलाई लैंगिक उत्तरदायी बनाइनेछ । नगरपालिकाको योजना तथा सेवाप्रवाहलाई लैंगिकमैत्री तथा समावेशी वनाउनका लागि हरेक वर्ष लैंगिक समानता तथा समाजिक समावेशिकरण परीक्षण गरिनेछ ।

८. बालबालिकाहरूको क्षमता विकासको लागि बाल अधिकार सम्बन्धी तालिम तथा कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

९. दलित, जनजाती, अल्पसंख्यक र पछाडी पारिएका वर्गहरुका लागि समावेशी सहभागिता तथा आयआर्जनका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि क्षमता तथा सिप विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## पूर्वाधार विकास सम्बन्धी नीति

### सडक, पुल, यातायात सम्बन्धी नीति

१. बागचौर नगरपालिका भित्र ट्र्याक खुलेका र खुल्न बाँकी सडकहरुको क्षेत्राधिकार निर्धारण गर्न **नगर यातायात गुरुयोजना**को निर्माण गरिनेछ।

२. बागचौर नगरपालिकाको क्षेत्राधिकार अन्तर्गत रहेका सडकहरुको मर्मत सम्भार तथा स्तरोन्नती योजना तयार गरि मर्मत तथा स्तरोन्नती कार्यलाई प्रभावकारी बनाइनेछ ।

३. सडकको क्षेत्राधिकार अतिक्रमण गरी निर्माण गरेका संरचनाहरु हटाउने कार्यलाई निरन्तरता दिइनेछ ।

४. नगरपालिका भित्रका कार्यालयहरु जोड्ने प्रमुख सडकहरु बाह्रै महिना सञ्चालन हुने गरी स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।साथै सडकहरुको रेखदेख र मर्मत सम्भार कार्यका लागि लेन्थ वर्कर (पिटौली) को व्यवस्था गरिनेछ ।

५. खरिबोट, टाट्के, बाँफुखोला हुदै डलसिङ्गे जोड्ने सडक, बागचौर भ्यूटावर जाने सडकको कालो पत्रे गर्ने कार्यलाई निरन्तरताको लागि पहल गरिनेछ ।

६. बागचौर नगरपालिका भित्रका मुख्य सडकहरु संघीय र प्रदेश सरकार सँगको समन्वयमा कालोपत्रे गर्न पहल गरिनेछ ।

७. नयाँ सडक विस्तारको क्रममा स्थानीय पानीको श्रोत, वन जङ्गल, प्राकृतिक श्रोत तथा धार्मिक क्षेत्रमा प्रतिकुल असर नहुने गरी विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८. सम्भाव्यता अध्ययन (डिपिआर) सम्पन्न भएका सडकहरुको स्तरोन्नती तथा कालोपत्रे गर्ने कार्यलाई अगाडी बढाइनेछ । साथै अन्य सडक आयोजनाहरुको सम्भाव्यता अध्ययन कार्यलाई अगाडी बढाइनेछ ।

९. नगरपालिका भित्रका खोलाहरुमा आवश्यकता पहिचान गरी झोलुङगे पुल, पक्कि तथा बेली ब्रिज पुल संघ र प्रदेशको साझेदारीमा निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

## विद्युतिकरण सम्बन्धी नीति

१. नगरपालिका भित्रका टोल तथा बस्तीहरुमा विद्युत विस्तारको कार्यलाई निरन्तरता दिइने छ ।

२. बजार क्षेत्रहरुमा सडक वत्तीको व्यवस्था मिलाइनेछ ।

## भवन, आवास तथा शहरी विकास सम्बन्धी नीति

१. नगर क्षेत्रभित्र निर्माण हुने नयाँ घरहरुको अनिवार्य नक्सा पास तथा बनिसकेका घरहरुको अभिलेखिकरण कार्यलाई अनिवार्य गरिनेछ ।

२. विद्यालय भवन अभाव भएको विद्यालयहरुमा प्राथामिकता अनुसार विद्यालय भवनहरुको निर्माण तथा मर्मत सम्भार कार्यलाई निरन्तरता दिइनेछ ।

३. स्वास्थ्य भवनहरु नभएका वडाहरुमा क्रमिक रुपमा स्वास्थ्य भवनहरु निर्माणलाई निरन्तरता दिइनेछ ।

४. नीजि क्षेत्रसंग सहकार्य गरी सार्वजनिक स्थल तथा बजार क्षेत्रमा अपांगमैत्री सार्वजनिक शौचालयको निर्माण गरिनेछ ।

५. भवन निर्माण कार्यलाई गुणस्तरीय, सुरक्षित तथा भूकम्प प्रतिरोधात्मक बनाउन भवन निर्माण संहितालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

६. संघीय सरकार र प्रदेस सरकारको सहकार्यमा बाढी पहिरो तथा आगलागी बाट पूर्ण रुपमा क्षति भएका घरहरुको पुनर्निर्माण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

७. बजार क्षेत्रभित्र ढल निकास, विद्युत विस्तार, खानेपानी विस्तार लगायतका कार्यहरु गर्दा एकिकृत रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

८. नगरपालिका भित्रका मुख्य मुख्य बजार क्षेत्रमा खानेपानी व्यवस्थापन, सार्वजनिक शौचालय तथा यात्रु प्रतिक्षालय जस्ता संरचनाहरुको निर्माणलाई विस्तार गरिने छ ।

९. बजार विस्तार सँगै उपयुक्त सडक, सडकपेटि, ढल निकास तथा नाली र सार्वजनिक स्थलहरूको व्यवस्थापन गर्दै लगिनेछ ।

१०. नगरपालिका भित्र औद्योगिक ग्राम स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

## सिंचाई सम्बन्धी नीति

१. बागचौर नगरपालिका भित्रका बस्तीहरुमा आकाशेपानी संकलन गरी सिचाई पोखरी तथा रिचार्ज पोखरी निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।साथै परम्परागत पोखरीहरुको संरक्षण तथा विस्तार गरिनेछ ।

२. नगर क्षेत्रभित्रका पुराना सिँचाई कुलोहरु मर्मत सम्भार तथा स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३. सिँचाई डिभिजन र सिँचाई सँग सम्बन्धित विभिन्न परियोजनाहरूसँग समन्वय र साझेदारीमा ठुला आयोजनाहरू बनाउने कार्यलाई प्राथमिकता दिइनेछ ।

४. कृषि योग्य जमिनमा दिगो एवं भरपर्दो सिँचाई सेवा पुर्याउन साना सिँचाई योजना सञ्चालन गरी कार्यान्वयनमा ल्याइनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

१. बागचौर नगरपालिकाको लौराबाङ मुहान भई बग्ने शारदा नदीको संरक्षण तथा सम्बर्द्धन गर्न र जैविक विविधिकरणमैत्री बनाउन आवश्यक नीति अबलम्बन गरिनेछ ।

२. बाढी, पहिरो, हावाहुरी चट्याङ, महामारी, आगलागी लगायतका विपद्हरुबाट सृजना हुने सक्ने जोखिम लाई न्युनीकरण गर्न राहत तथा उद्दार प्रतिकार्यका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

३. स्थानीयस्तरमा जलवायु परिवर्तनको असर र प्रभावलाई न्युनीकरण र अनुकुलन गर्नका लागि जलवायु परिवर्तन प्रतिकार्य योजनालाई कार्यान्वयनमा लगिनेछ ।

४. नगरपालिकामा खडा गरिएको विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ ।

५. सामुदायिक वन उपभोक्ता समूह लगायतका समुदायमा आधारित वन व्यवस्थापन समुह, नीजि तथा पारिवारीक नीजि वन दर्ता, सञ्चालन र व्यवस्थापन सम्बन्धि आवश्यक कार्य गरिनेछ ।

६. 'एक सामुदायिक वन, एक उद्यम' रणनीति अनुसार हरेक सामुदायिक वन उपभोक्ता समूहमा वन उद्यम विकास कार्ययोजना बनाई लघु, साना तथा मझौला प्रकारका वन उद्यमको विकास गरी हरित रोजगारी प्रवर्द्धन गरिनेछ ।

७. विश्वमा ज्वलन्त समस्याको रुपमा रहेको विश्वव्यापी तापक्रम वृद्धिले गर्दा जलवायु परिवर्तनमा नकारात्मक असर परिरहेको देखिन्छ। यो अवस्थालाई नियन्त्रण गर्ने नीति तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. नगरपालिका भित्र उच्च जोखिममा रहेका वस्तिहरुको संरक्षण गर्ने नीति अबलम्बन गरिनेछ।

## संस्थागत विकास, सुशासन तथा सूचना प्रविधि सम्बन्धि नीति

१. नगरपालिका भित्रका सबै कार्यालयहरुमा कार्यालय समय सुरु हुनु भन्दा अगाडी अनिवार्य रुपमा राष्ट्रिय गान सहितको प्रार्थना र योग अभ्यास गर्ने नीति अबलम्बन गरिनेछ ।

२. सार्वजनिक सेवालाई शिघ्र, पारदर्शी, सेवाग्राही मैत्री तथा नतिजामूलक बनाई सार्वजनिक सेवामा सबैको समान र सहज पहुँच सुनिश्चित गरिनेछ । नगरपालिकाका सबै कर्मचारीको कार्यविवरण बनाई लागु गरिनेछ । सबै कर्मचारीसँग कार्यसम्पादन करार गरिनेछ र यसलाई कार्यसम्पादन मुल्यांकनको आधार बनाइनेछ ।

३. सबै वडामा टोल विकास संस्था गठन र दर्ता गर्ने कार्यलाई अगाडी बढाइने छ । सबै टोल विकास संस्थालाई विकासको सहयात्रीको रुपमा विकास गरिनेछ ।

४. नागरिकको सरकार प्रतिको चासो चिन्ता र गुनासोहरुलाई यथासिघ्र सम्बोधन गर्न गुनासो सुनुवाई थप प्रभावकारी बनाइनेछ।

५. लोकसेवा आयोगले लिने हरेक परीक्षामा संलग्न हुन चाहने नगर भित्रका जेहेन्दार, विपन्न, दलित, जनजाती, फरक क्षमता भएका व्यक्तिहरुलाई लोकसेवा तयारी कक्षाका लागि आवश्यक व्यवस्था मिलाउन पहल गरिनेछ ।

६. नगरबासीको शान्ति सुरक्षा, विपद् व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, राजश्व परिचालन लगायतका कार्यका लागि नगर प्रहरीलाई परिचालन गरिनेछ ।

७. स्थानीय स्तरबाटै नागरिकले छिटो छरितो सेवा प्राप्त गर्नका लागि बागचौर नगरपालिकामा मालपोत तथा नापी कार्यालय स्थापना गर्न संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।

८. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने तालिम, स्वदेश तथा विदेशमा अध्ययन तथा अवलोकन भ्रमणका कार्यक्रमहरूलाई निरन्तरता दिइने छ ।

९. उत्कृष्ट कार्य गर्ने कर्मचारी, करदाता, कृषक, उपभोक्ता समिति, सञ्चारकर्मीलाई पुरस्कृत गरिने नीति लिइनेछ ।

१०. सबै कार्यालयहरुमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।

११. बढ्दो सूचना प्रविधिको वर्तमान अवस्थालाई मध्यनजर गर्दै सेवाग्राहिलाई घरैबाट सेवा लिन सकिने नीति लिइनेछ । जसको लागि आवश्यक पर्ने विभिन्न प्रकारका सफ्टवेयर तथा सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

१२. नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयको सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउन आवश्यक इन्टरनेट तथा ईन्ट्रानेटको सुविधालाई मजबुत बनाउँदै लगिनेछ ।

१३. तथ्याङ्क सुरक्षा तथा साइबर सुरक्षाको व्यवस्था मिलाइ कार्यान्वयन गरिनेछ ।

१४. बागचौर नगरपालिकामा सञ्चालनमा आएको स्मार्टपालिकालाई थप प्रभावकारी बनाइनेछ ।

१५. विकास निर्माणका कार्यमा नगरपालिकाका यान्त्रिक साधनहरुलाई पहिलो प्राथमिकता दिइने छ ।

१६. आवश्यकता पहिचान गरी सवारी साधनहरु खरिद गर्ने वा भाडामा लिइ सेवा प्रवाहको कार्यलाइ सहज र प्रभावकारी वनाइनेछ ।

१७. नगरपालिकाबाट हुने सम्पुर्ण आर्थिक कारोबारलाई पूर्णरुपमा विद्युतिय भुक्तानी प्रणालीमा आबद्ध गरिनेछ ।

१८. आर्थिक गतिविधिहरु मार्फत नगरबासीहरुको आर्थिक स्तर वृद्धि गर्न सरोकारवालाहरु संग वित्तिय साक्षरताका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१९. नगरपालिकाको न्यायिक समितिलाई स्वतन्त्र, निश्पक्ष, पहुँचयोग्य, सक्षम एवं विश्वस्नीय बनाइनेछ।

२०. सबै वडा कार्यालयहरुमा मेलमिलाप केन्द्र संचालन गरि मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै निरुपण गर्ने कानुनी ब्यवस्थालाई थप प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ।

२१. न्याय सम्पादनको अभिलेख र प्रतिवेदन व्यवस्थित गरिनेछ ।

२२. न्याय सम्पादनलाई प्रभावकारी बनाउन न्यायिक समिति तथा मेलमिलापकर्ताहरुलाई क्षमता अभिवृद्दि सम्बन्धि तलिम सञ्चालन गरिनेछ।

२३. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई आधुनीकीरण गर्न सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणालीबाट वितरण गर्ने प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

२४. खरिद गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

२५. संघिय सरकार, प्रदेश सरकार, संघ संस्था वा व्यक्ति बाट प्राप्त भै नगरपालिकाको स्वामित्वमा रहेका भवन, जग्गा, उद्यान, बसपार्क आदि संरचना एवम् सम्पत्तिको यर्थाथ अभिलेख तयार गरी सम्पत्ति व्यवस्थापनको कार्यलाइ निरन्तरता दिइनेछ ।

**<u>राजस्व परिचालन सम्बन्धी नीति</u>**

१. सबैभन्दा बढी कर बुझाउने व्यक्ति वा संस्थालाई सम्मान स्वरूप उत्कृष्ट करदाताको रुपमा सम्मान गरिनेछ ।

२. व्यवसायको दायरा बढाउने र बढी भन्दा बढी व्यवसायहीहरुलाई कर तिर्न प्रोत्साहन गर्न विविध कार्यक्रम सहित कर जागरण अभियान संचालन गरिनेछ ।

३. कर संकलन कार्यलाई पारदर्शी र प्रभावकारी वनाउन आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

४. भूमि करलाई वैज्ञानिक र प्रभावकारी बनाउनुका साथै राजश्व वृद्धिमा टेवा पुर्याउने कार्यक्रम ल्याइनेछ ।

५. स्थानीय दर रेट कायम गर्न आवश्यक नीति अबलम्बन गरिनेछ ।

**नगर सभा सदस्यज्यूहरु,**

जनताको अभिमत र सामाजिक तथा आर्थिक परिवर्तनलाई रुपान्तरणको खाकातिर लैजाने कार्यसोचसहित आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रम बागचौर नगरपालिकाको भविष्यको मार्गदर्शक दस्तावेज हो। नगरलाई समृद्ध बनाउन सबै नगरबासीको आ–आफ्नो ठाउँमा उत्तिकै महत्वपूर्ण भूमिका छ। यो नीति तथा कार्यक्रम सरकारी, गैरसरकारी, नीजि, सहकारीलगायत विकासका सबै साझेदार वा पक्षधरको लागि मार्गचित्र हो । नगरको विकास सबैको विकास हो । यसैले विकास निर्माणका काममा आ–आफ्नो क्षेत्रबाट सहयोग पुर्‍याउन र रचनात्मक सुझाव, सल्लाह दिन हामी नगरबासीलाई हार्दिक आग्रह गर्दछौं ।

हामीले नगरबासीबाट प्राप्त रचनात्मक सुझाव, सल्लाहलाई सधैं आत्मसात गर्नेछौं । विकास निर्माणका काममा हामीहरु सबैको एउटै दृष्टिकोण हुनुपर्छ भन्नेमा हामीहरु दृढ छौं । केन्द्रीय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजनाबीच तादम्यता कायम गरी नगरको सर्वाङ्गीण विकास र समृद्धिको स्पष्ट दृष्टिकोण सहितको दीर्घकालिन योजना निर्माणको पथमा हामी छौं ।यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सबैबाट सक्रिय सहयोग हुने विश्वास लिएको छु ।

अन्तमा, नीति निर्माणमा सल्लाह सुझाव दिने र बागचौरको समग्र विकासमा योगदान गर्ने सभा सदस्य, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, विकास साझेदार संस्था, सञ्चार जगत् लगायत सम्पूर्ण आदरणीय नगरवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

जनकराज गौतम
नगर प्रमुख
बागचौर नगरपालिका

**२०८१ अषाढ १० गते, सोमबार**